म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ११९ २०८२ चैत ८ गते आइतबार 22 March 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो । हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ । तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

**सम्पादक ।**

# हेटौंडामा ४ विदेशीसहित ४७ जना डाक्टरी पढ्दै

समाज संवाददाता

हेटौंडा : भविष्यमा डाक्टर बन्ने लक्ष्यका साथ हेटौंडामा ४ जना विदेशीसहित ४७ जना डाक्टरी पढ्दैछन् । हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पहिलो ब्याच यसै वर्षबाट सुरु भएको हो । एमबीबीएस पहिलो ब्याचमा ४ विदेशीसहित ४७ जना भर्ना भएका छन् ।



नेपाली ४३ जना विद्यार्थी नेपालका २८ जिल्लाबाट आएका छन् । सबैभन्दा बढी काठमाडौं जिल्लाबाट ५ जना, ललितपुरबाट ४, कास्की र महोत्तरीबाट ३ जना, अछाम, बारा, तनहुँ, पर्सा जिल्लाबाट २ जनाको दरले सहभागी छन् । यस्तै मकवानपुर, डडेल्धुरा, दार्चुला, चितवन, दोलखा, बैतडी, बाजुरा, धनुषा, स्याङ्जा, रुपन्देही, डोटी, सुनसरी, सप्तरी, नवलपरासी, तेह्रथुम, कपिलबस्तु, धादिङ, बर्दिया, सिन्धुली, डोल्पा जिल्लाबाट १/१ जना एमबीबीएस कार्यक्रममा भर्ना भएका छन् । यस कार्यक्रममा नेपालबाट मात्र नभई छिमेकी राष्ट्र भारतबाट समेत ४ जना विद्यार्थी सहभागी छन् । भारतको महाराष्ट्रबाट २ जना र बिहारबाट २ जना विद्यार्थी भर्ना भएका छन् ।

एमबीबीएस अध्ययनका लागि प्रतिष्ठानमा ५० जना विद्यार्थीको सिट रहेकोमा हालसम्म ४७ जना भर्ना भइसकेको प्रतिष्ठानका प्रशासकीय अधिकृत सशिता दंगालले जानकारी दिनुभयो । उहाँका अनुसार चैत्र ५ गतेसम्म भर्ना भइसक्नुपर्ने तोकिएको थियो । यस अवधिमा अन्य भर्ना हुन चाहने विद्यार्थीहरुसँग पनि सम्पर्क भइरहेको हुनाले विद्यार्थीको संख्या अझै बढ्न सक्ने उहाँको भनाइ छ । एमबीबीएस कार्यक्रममा पहिलो दुइ वर्ष विद्यार्थीले आधारभूत विज्ञान विषय अध्ययन गर्नेछन् । यसका लागि हाल यस प्रतिष्ठानमा २१ जना अध्यापकहरु छन् । बाँकी अवधि क्लिनिकल साइन्सका लागि भने ५३ जना अध्यापकहरु रहेको प्रतिष्ठानका प्रमुख प्रशासकीय अधिकृत अमरसिंह अधिकारीले बताउनुभयो ।

एमबीबीएस कार्यक्रमसहित बिपिएच (जनस्वास्थ्य), बिएमएलटी (ल्याव मेडिसिन), बिएस्सी नर्सिङ र बि फार्मेसी लगायतका स्वास्थ्य विज्ञानका प्राज्ञिक कार्यक्रमहरुका लागि समेत गरी १ सय १ जना प्राध्यापक रहेको समेत अधिकारीले जानकारी दिनुभयो । यि मध्ये ७ जना प्राध्यापकसहित वरिष्ठ कल्सन्टेन्ट विशेषज्ञहरु अध्यापनका लागि रहेका छन् । गत फागुन २५ गते औपचारिक रुपमा एमबीबीएस कार्यक्रमको सुरुवात गरिएकोमा यसपछि १ हप्ता आधारभूत कक्षा सञ्चालन भई गएको आइतबारदेखि नियमित कक्षा समेत सुरुवात भइसकेको प्रतिष्ठानले जनाएको छ ।

# एम्बुलेन्स दुरुपयोग गरी तस्करी गर्ने पक्राउ

रसुवा : एम्बुलेन्समा चुरोट र लागुपदार्थ तस्करी गर्ने चार जना पक्राउ परेका छन् । रसुवा जिल्लाको आमा छोदिङ्मो गाउँपालिका-३ गतलाङ स्वास्थ्य चौकीको स्वामित्वमा रहेको एम्बुलेन्स दुरुपयोग गरी चिनियाँ चुरोट काठमाडौंतर्फ लैजान लागेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।

बिरामी बोकेको बहाना बनाई काठमाडौंतर्फ लैजाँदै गरेको अवस्थामा नेपाल प्रहरीको बेत्रावति सुरक्षा चौकीले एम्बुलेन्स जाँच गर्दा तीन हजार ९४० बट्टा चिनियाँ चुरोट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ । प्रहरी निरीक्षक एवं सूचना अधिकारी रमेश रायका अनुसार पक्राउ पर्नेमा एम्बुलेन्स चालक गतलाङका ४३ वर्षीय दावानुर्पु तामाङ, सोही गाउँपालिका-५ का चिलिमेका २७ वर्षीय मार्कुस तामाङ, ३२ वर्षीय सुशील तामाङ र ३६ वर्षीया सुनिता तामाङ छन् ।

यसैगरी, रसुवागढी नाकाबाट लागुपदार्थसहित एक जना पक्राउ परेका छन् । गोसाइँकुण्ड गाउँपालिका-५ का २४ वर्षीय विकास तामाङलाई केरूङबाट नेपालतर्फ आउँदै गर्दा सीमा क्षेत्रमा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले पक्राउ गरेको हो । उनको साथबाट २ ग्राम कालो चरेश तथा पहेँलो सात र सुन्तला रङ्गका पाँच क्याप्सुल लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ । प्रहरीले दुवै घटनामा संलग्न व्यक्तिहरूमाथि आवश्यक अनुसन्धान अगाडि बढाएको जनाएको छ । *रासस/अनलाइनखबर ।*

# बसको ठक्करबाट २ जनाको मृत्यु

काठमाडौं : काठमाडौंको भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका-१२ भोटेबहालमा कालिमाटीबाट त्रिपुरेश्वरतर्फ आउँदै गरेको ओमजनता यातायातको बसको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय पदम उपाध्याय र ३७ वर्षीय सतिशकुमार कुसवाहको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका

...बाँकी पृष्ठ ४ मा

# विद्यार्थीलाई चरेश बेचेको अभियोगमा थाहा नगरकी कल्पना पक्राउ

समाज संवाददाता

हेटौंडा : काठमाडौंका विद्यालय तथा विश्वविद्यालय तहमा पढ्ने विद्यार्थीलाई लागूऔषध चरेश बेचेको अभियोगमा मकवानपुरको थाहा नगरपालिकाकी ३८ वर्षीया कल्पना तामाङ पक्राउ परेकी छिन् । नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले कल्पनालाई गत बिहिबार ललितपुर महानगरपालिका-१८ बाट कल्पनालाई पक्राउ गरिएको जनाएको छ ।

विद्यार्थीलाई लागूऔषध चरेश विक्री गर्ने गरेको भन्ने विशेष सूचनाका आधारमा लागूऔषध नियन्त्रण ब्यूरोले कल्पनालाई २ केजी ३ सय ग्राम लागूऔषध चरेश र डिजिटल तराजु समेत बरामद गरेको जनाएको छ । कल्पनाको स्थायी ठेगाना थाहा नगरपालिका-११ रहेको प्रहरीले जनाएको छ ।

यस्तै प्रहरीले काठमाडौंबाट पनि लागूऔषध खैरो हेरोइनसहित ३ जनालाई पक्राउ गरेको छ । काठमाडौं महानगर-१५, कारखानाचोकबाट प्रहरीले सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-५ का ३१ वर्षीय विशाल श्रेष्ठ, सिन्धुपाल्चोक जिल्लाकै चौतारा नगरपालिका-७ का ३९ वर्षीय अर्जुन थापा र काभ्रेपलान्चोक जिल्लाको तेमाल गाउँपालिका-८ का ३० वर्षीय सागर तामाङलाई प्रहरीले ३७ ग्राम ४०० मिलिग्राम लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरेको जनाएको छ । प्रहरीले उनीहरुको साथबाट डिजिटल तराजु पनि बरामद गरेको छ ।

उनीहरुलाई पनि प्रहरीले बिहिबार नै पक्राउ गरेको हो । प्रहरीले अनुसन्धानको सिलसिलामा उनीहरुलाई लागूऔषध खैरो हेरोइन बेच्ने भारतीय नागरिक २५ वर्षीय विपुल बर्मालाई शुक्रबार मोरङ जिल्लाको विराटनगर महानगरपालिका-११, बसपार्कबाट १०० ग्राम लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरेको छ । लागूऔषधसहित पक्राउ परेकाहरुलाई कानूनबमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।






## सम्पादकीय

# बजेट प्रणाली फितलो

एक आर्थिक वर्षको लागि सरकारको आम्दानी र खर्चको अनुमानित विवरणसहितका कार्यक्रमलाई बजेट भनिन्छ । बजेट सरकारको राजनीतिक, आर्थिक, सामाजिक घोषणापत्र हो । निश्चित अवधिका लागि सरकारले तर्जुमा गरेको आम्दानी र खर्चको योजनाबद्ध विवरण नै बजेट हो । बजेटले विगतको आर्थिक अवस्थाको मूल्याङ्कन, चालु आर्थिक वर्षको आर्थिक अवस्थाको समीक्षाको आधारमा आगामी आर्थिक वर्षको आर्थिक योजनाको प्रक्षेपण गर्दछ । त्यसैले बजेटलाई कुनै पनि देशको सार्वजनिक आय र व्ययको ऐनाको रुपमा लिइन्छ । नेपालमा पनि संघ, प्रदेश र स्थानीय सरकारले संविधानबमोजिम तोकिएको समयमा बजेट सार्वजनिक तथा पारित गर्ने गर्दछ । राजस्व र व्ययको अनुमानका साथै सरकारी कोष सञ्चालनको अख्तियारी प्रदान गर्ने बजेट निर्माण प्रक्रिया फितलो बनिरहेको पाइन्छ ।

विशेषगरी संघ तथा प्रदेश सरकारको बजेट प्रभावकारी बन्न सकिरहेको देखिँदैन । बजेट निर्माण प्रक्रियामा पर्याप्त ध्यान नदिँदा बजेटमा उल्लेखित आय र व्ययको अनुमानमा व्यापक विचलन आइरहेको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको बजेटले अनुमान गरेको आय र व्ययमा धेरै अन्तर आउने सम्भावना देखिएको छ । चालु आर्थिक वर्षको ८ महिनासम्म बागमती प्रदेश सरकारले बजेटमा विनियोजित रकममध्ये २२.३१ प्रतिशतमात्र खर्च गरेको छ । विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च त १७ प्रतिशतमात्र छ । बाँकी ४ महिनामा समग्र बजेटको ७८ प्रतिशत र पुँजीगत बजेटको ८३ प्रतिशत खर्च गर्नुपर्ने अवस्था छ ।

सरकारी आम्दानीको मुख्य स्रोतको रुपमा रहेको राजस्व संकलनको अवस्था पनि बागमती प्रदेश सरकारको निकै कमजोर पाइएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को ८ महिना (फागुन मसान्त)सम्म कुल वार्षिक लक्ष्यको ३६.२१ प्रतिशतमात्र राजस्व संकलन गरेको हो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा कुल ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा फागुन मसान्तसम्म २४ अर्ब ४१ करोड २ लाख ८७ हजार रुपैयाँमात्र संकलन गरेको छ । बाँकी ४ महिनामा प्रदेश सरकारले ६३.७९ प्रतिशत राजस्व संकलन गर्नुपर्ने अवस्था छ । आर्थिक वर्षको दुई-तिहाइ समय सकिँदा प्रदेश सरकारको आम्दानी र खर्च दुबैको अवस्था कमजोर हुनुले बजेट निर्माण प्रक्रियामै त्रुटी रहेको अनुमान गर्न सकिन्छ ।


बजेट खर्च कमजोर हुँदा त्यसको असर राजस्वमा पनि पर्दछ । विकास निर्माणका काम सुस्त हुनु, घरजग्गा कारोबारमा आएको मन्दी र पर्वतारोहण तथा रोयल्टी शीर्षकमा रकम प्राप्त नहुनुलाई यसको मुख्य कारण मानिएको छ । गत भदौमा भएको जेनजी आन्दोलनको प्रभाव, चाडपर्व, विपद् व्यवस्थापन र जोखिम, बजेट कार्यान्वयनको अस्पष्टता र प्रदेश सरकारका केही नीतिगत निर्णयमा ढिलाईलगायतका कारणले राजस्व संकलन कमजोर देखिएको बताइएको छ । प्रदेश सरकारले अनुदान तथा बाँडफाँटवापत संघीय सरकारबाट प्राप्त गर्नुपर्ने राजस्वसमेत लक्ष्यअनुरुप प्राप्त हुन सकेको छैन । संघीय सरकार र स्थानीय तहसँग बाँडफाँट हुने राजस्वका शीर्षकहरुमा प्रदेश सरकारले ४५.१५ प्रतिशत प्रगति हासिल गरेको छ ।

सरकारले बजेटमा व्यवस्था भएअनुरुप आम्दानी र खर्च गर्न नसक्नुमा जेजस्ता कारण देखाए पनि सबैभन्दा मुख्य कारण भनेको बजेट निर्माण प्रक्रिया फितलो हुनु नै हो । हचुवाको भरमा राजस्व अनुमान गर्ने र पहुँचको आधारमा आयोजना छनोट गर्ने परिपाटीकै कारण बजेट फितलो बन्ने गरेको छ । सरकारले निश्चित विधि र प्रक्रिया अवलम्बन गरेर, विगतको बजेटको समीक्षा गरेर, विज्ञहरु सहभागी भएर बनाएको बजेटलाई व्यवस्थापिकामा व्यापक छलफल गरेर पारित गर्दा पनि बजेटको लक्ष्यअनुसार प्रगति हुन सक्दैन भने बजेट निर्माण प्रक्रियामै व्यापक सुधार आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल १००
ट्राफिक प्रहरी १०३
वडा प्रहरी ५२०२९९
पशुपतिनगर इलाका ५२०५९८
मनहरी इलाका ९८५५०९०१६१
भीमफेदी इलाका ६९१४६२
पालुङ इलाका ६२०४६७
फापरबारी इलाका ६२१९८०
चित्लाङ इलाका ६२१०००
वारुण यन्त्र १०१
बालबालिका खोजतलास केन्द्र १०४
बाल हेल्पलाइन १०९८
हेलो सरकार ११११
नेपाल टेलिकम सोधपुछ १९७
एम्बुलेन्स १०२
नेपाल विद्युत प्राधिकरण गुनासो ११५०

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : परीक्षा र प्रतियोगितामा सरिक भइने समय छ ।
वृष : काममा बिलम्ब हुने समय योग रहेको छ ।
मिथुन : धार्मिक एवम् परोपकारजन्य काममा मन जाला ।
कर्कट : विषय र कामप्रति जागरुकता बढने समय छ ।
सिंह : सोच्ने शक्ति र निर्णयात्मक क्षमतामा कमी आउला ।
कन्या : शुभ चिन्तनको साथ सहयोग प्राप्त हुने समय छ ।
तुला : व्यक्तित्व विकासको अवसर जुट्ने समय योग छ ।
वृश्चिक : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
धनु : निर्णयले सकारात्मक परिवर्तन हुने समय छ ।
मकर : पढाइ–लेखाइका कामहरु मध्यम छन् ।
कुम्भ : अध्ययन–अध्यापन सोचे अनुरुप होला ।
मीन : धार्मिक एवम् सामाजिक काममा मन जाने योग छ ।

# इन्डो प्यासिफिक रणनीति, एसपीपी भू-राजनीतिक जोखिम ?



✍बिशभ अधिकारी

विश्व राजनीति अहिले अत्यन्त जटिल मोडमा पुगेको छ । शक्ति सन्तुलनको पुरानो संरचना परिवर्तन हुँदै गएको छ र नयाँ प्रकारको रणनीतिक प्रतिस्पर्धा विश्वभर देखिन थालेको छ । विशेषगरी एशिया र प्रशान्त क्षेत्र अहिले विश्व राजनीतिको केन्द्र बन्दै गएको छ । यही सन्दर्भमा संयुक्त राज्य अमेरिकाले अघि सारेको इन्डो प्यासिफिक रणनीति र त्यससँग जोडेर नेपालमा चर्चा भएको स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी) ले नेपालभित्र गम्भीर बहस सिर्जना गरेको छ । त्यही समयमा विश्वको अर्को भाग अर्थात् मध्यपूर्वमा चलिरहेको युद्ध, विशेषगरी इजरायल र हमासबीचको द्वन्द्वले विश्वशक्ति राजनीतिलाई अझ अस्थिर बनाइरहेको छ । यी सबै घटनाहरूलाई सँगै हेर्दा एउटा गम्भीर प्रश्न उठ्छ यस्तो बदलिँदो विश्व राजनीतिमा नेपालजस्तो सानो तर भूराजनीतिक रुपमा संवेदनशील राष्ट्रले आफ्नो राष्ट्रिय हित कसरी सुरक्षित गर्ने ?

अन्तर्राष्ट्रिय सम्बन्धको अध्ययन गर्दा एउटा चर्चित भनाइ बारम्बार उद्घृत गरिन्छ, 'राज्यहरूका स्थायी मित्र वा शत्रु हुँदैनन् ।' उनीहरूका स्थायी हित मात्र हुन्छन् । विश्व इतिहासले पनि यही कुरा प्रमाणित गरेको छ । महाशक्तिहरूले सधैं आफ्ना रणनीतिक, आर्थिक र सुरक्षा हितका आधारमा निर्णय गर्छन् । त्यसैले नेपालले अन्तर्राष्ट्रिय सम्बन्धलाई भावनात्मक दृष्टिकोणबाट होइन, यथार्थवादी दृष्टिकोणबाट हेर्नुपर्छ । कुनै पनि शक्ति राष्ट्रले नेपालको हितलाई केन्द्रमा राखेर नीति बनाउँदैन; उनीहरूले आफ्नो राष्ट्रिय हितलाई प्राथमिकता दिन्छन् । त्यसैले नेपालले पनि आफ्ना निर्णयहरू राष्ट्रिय हितका आधारमा लिनुपर्छ ।

इन्डो प्यासिफिक रणनीति मूलत: भारत महासागरदेखि प्रशान्त महासागरसम्म फैलिएको विशाल भू-राजनीतिक क्षेत्रलाई समेट्ने अवधारणा हो । अमेरिका, जापान, अष्ट्रेलिया र भारतजस्ता राष्ट्रहरूले यस क्षेत्रलाई खुला, स्वतन्त्र र नियममा आधारित बनाउने लक्ष्यसहित यो रणनीति अघि सारेका छन् । समुद्री मार्गहरूको स्वतन्त्रता, क्षेत्रीय सुरक्षा, आर्थिक सहकार्य र लोकतान्त्रिक मूल्यहरूको संरक्षणलाई यसको प्रमुख उद्देश्यका रूपमा प्रस्तुत गरिन्छ । तर धेरै विश्लेषकहरूका अनुसार यसको अर्को महत्वपूर्ण पक्ष चीनको बढ्दो प्रभावलाई सन्तुलनमा राख्नु पनि हो । पछिल्ला दशकहरूमा चीनको तीव्र आर्थिक र सैन्य विकासले विश्व शक्ति सन्तुलनमा ठूलो परिवर्तन ल्याएको छ । चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) जस्ता परियोजनामार्फत आफ्नो आर्थिक र रणनीतिक प्रभाव विस्तार गरिरहेको छ । यस सन्दर्भमा अमेरिका र उसका साझेदार राष्ट्रहरूले इन्डो प्यासिफिक रणनीतिलाई क्षेत्रीय शक्ति सन्तुलन कायम राख्ने माध्यमका रूपमा प्रयोग गरिरहेका छन् ।

नेपालमा विशेषरूपमा विवादित बनेको विषय भनेको एसपीपी हो । अमेरिकी पक्षका अनुसार स्टेट पार्टनरशिप प्रोग्राम कुनै सुरक्षा वा सैन्य गठबन्धन होइन । अमेरिकाले स्पष्ट रूपमा भनेको छ कि यो कार्यक्रम अमेरिकी नेशनल गार्ड र अन्य देशका सैन्य तथा सुरक्षा संस्थाबीच तालिम, शिक्षा र सहकार्यका कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यले बनाइएको हो । विपद् व्यवस्थापन भूकम्प, बाढीमा सहयोग सेना बीच तालिम र अनुभव आदानप्रदान प्राविधिक र क्षमता विकास मानवीय सहायता जस्ता कार्यमा सहकार्य गर्ने उद्देश्य यसमा निहित छ । अमेरिकाका अनुसार यो कार्यक्रम २५ वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेको छ र विश्वका ९० भन्दा बढी देशहरू यसमा सहभागी छन्, जसमध्ये धेरै देशहरू इन्डो प्यासिफिक क्षेत्रभन्दा बाहिरका पनि छन् । अमेरिकी भनाइअनुसार नेपालले नै सन् २०१५ र २०१७ मा यस कार्यक्रममा सहभागी हुन अनुरोध गरेको थियो र संयुक्त राज्य अमेरिकाले सन् २०१९ मा त्यस अनुरोधलाई स्वीकार गरेको थियो । उनीहरूको भनाइ अनुसार नेपालसँग एसपीपी सम्बन्धी कुनै औपचारिक सम्झौता प्रस्ताव गरिएको छैन र यसको एउटा प्रमुख उद्देश्य नेपाल सेनाको कार्यक्रमभित्र विपद् जोखिम व्यवस्थापन जस्ता विषयहरूमा सहकार्य गर्नु हो ।

अमेरिकाले यस कार्यक्रमलाई केवल तालिम, शिक्षा र विपद् व्यवस्थापन सहयोगको कार्यक्रमका रूपमा प्रस्तुत गरे पनि नेपालभित्र यसलाई लिएर गम्भीर प्रश्नहरू उठेका छन् । कुनै पनि शक्ति राष्ट्रले आफ्नो रणनीतिक कार्यक्रमलाई सिधै सैन्य गठबन्धन वा नियन्त्रणको साधन भनेर प्रस्तुत गर्दैन । कूटनीतिमा प्राय: कार्यक्रमहरू सहयोग, साझेदारी र विकासका नाममा अघि बढाइन्छन् । त्यसैले कुनै पनि प्रस्तावलाई केवल त्यसको औपचारिक व्याख्याका आधारमा मात्र बुझ्नु पर्याप्त हुँदैन; त्यसको दीर्घकालीन रणनीतिक प्रभाव र भूराजनीतिक सन्दर्भलाई पनि बुझ्न आवश्यक हुन्छ ।

नेपालजस्तो देशका लागि यो झन् महत्वपूर्ण हुन्छ । नेपाल भूराजनीतिक रूपमा अत्यन्त संवेदनशील स्थानमा अवस्थित छ । नेपाल दुई ठूला शक्ति राष्ट्र भारत र चीनको बीचमा रहेको छ । इतिहासले देखाएको छ कि यस्ता भौगोलिक स्थानमा रहेका राष्ट्रहरू प्राय: ठूला शक्तिहरूको रणनीतिक चासोको केन्द्र बन्न सक्छन् । नेपाललाई प्राय: बफर स्टेट अर्थात् दुई शक्तिशाली राष्ट्रबीचको सन्तुलनकारी क्षेत्रका रूपमा पनि हेरिन्छ । यही कारणले नेपालसँग सम्बन्धित कुनै पनि रणनीतिक कार्यक्रमलाई छिमेकी राष्ट्रहरूले पनि गम्भीर रूपमा हेर्न सक्छन् ।

अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै पनि देशले अर्को देशलाई सिधै 'हामी तपाईंलाई नियन्त्रण गर्न चाहन्छौं' वा 'हामी सैन्य गठबन्धन बनाउँदैछौं' भनेर भन्दैन । कूटनीति सधैं परोक्ष र रणनीतिक भाषामा अघि बढ्छ । त्यसैले नेपालले कुनै पनि कार्यक्रम वा प्रस्तावलाई केवल सतही रूपमा हेरेर निर्णय गर्नु हुँदैन । यसको भित्री उद्देश्य, सम्भावित प्रभाव र दीर्घकालीन रणनीतिक परिणामहरूको गहिरो अध्ययन आवश्यक हुन्छ । नेपालजस्तो देशका लागि सानो गल्तीले पनि दीर्घकालीन कूटनीतिक जटिलता सिर्जना गर्न सक्छ ।

अहिले विश्वले देखिरहेको अर्को गम्भीर संकट भनेको मध्यपूर्वमा चलिरहेको युद्ध हो । इजरायल र हमासबीचको युद्धले हजारौं मानिसको ज्यान लिएको छ र गाजा क्षेत्रमा ठूलो मानवीय संकट उत्पन्न भएको छ । यसले विश्वशक्ति राजनीतिका गहिरा आयामहरूलाई पनि उजागर गरेको छ । मध्यपूर्व लामो समयदेखि विश्वशक्तिहरूको रणनीतिक प्रतिस्पर्धाको केन्द्र रहँदै आएको छ । तेल, ऊर्जा मार्ग, धार्मिक राजनीति र भू-राजनीतिक स्वार्थहरूले यस क्षेत्रलाई अत्यन्त संवेदनशील बनाएका छन् । जब महाशक्तिहरूबीच प्रतिस्पर्धा तीव्र हुन्छ, त्यहाँका साना राष्ट्रहरू प्राय: संघर्षको मैदान बन्ने जोखिममा पर्छन् ।

नेपालले यस्ता घटनाबाट महत्वपूर्ण पाठ सिक्न सक्छ । साना राष्ट्रहरूले आफ्नो सार्वभौमिकता र राष्ट्रिय हित सुरक्षित राख्न अत्यन्त सावधानीपूर्वक विदेश नीति अपनाउनुपर्छ । नेपालले लामो समयदेखि असंलग्न परराष्ट्र नीतिको सिद्धान्तलाई आफ्नो विदेश नीतिको आधार बनाउँदै आएको छ । असंलग्नताको अर्थ कुनै देशसँग सम्बन्ध नराख्नु होइन, यसको अर्थ हो सबै देशसँग मित्रवत सम्बन्ध राख्दै कुनै पनि सैन्य गठबन्धन वा शक्ति ब्लकमा सहभागी नहुनु । नेपाल सधैंदेखि कसैको सैन्य गठबन्धनमा नजाने नीति राख्दै आएको छ ।

नेपालका लागि यही नीति आज पनि उत्तिकै सान्दर्भिक छ । नेपालले अमेरिका, चीन, भारत, युरोपियन संघ वा अन्य कुनै पनि देशसँग आर्थिक, शैक्षिक, प्राविधिक र विकास सहकार्य गर्न सक्छ । तर यस्तो सहकार्यले नेपालको कूटनीतिक स्वतन्त्रता वा भूराजनीतिक सन्तुलनलाई कमजोर पार्नु हुँदैन । नेपालको विदेश नीतिको मूल आधार राष्ट्रिय हित, सार्वभौमिकता र सन्तुलित कूटनीति हुनुपर्छ ।

राष्ट्रवादको सही अर्थ भावनात्मक नाराबाजी मात्र होइन । साँचो राष्ट्रवाद भनेको आफ्नो देशको दीर्घकालीन हितलाई विवेकपूर्ण ढंगले सुरक्षित गर्नु हो । नेपालका लागि विवेकपूर्ण राष्ट्रवादको अर्थ हो असंलग्न विदेश नीति, सन्तुलित कूटनीति, र कुनै पनि शक्ति प्रतिस्पर्धाको प्रत्यक्ष भाग नबन्ने स्पष्ट निर्णय । नेपालले विश्वका सबै राष्ट्रहरूसँग मित्रता राख्न सक्छ, तर आफ्नो भू-राजनीतिक संवेदनशीलता र ऐतिहासिक विदेश नीतिलाई ध्यानमा राख्दै कुनै पनि सैन्य गठबन्धन वा रणनीतिक प्रतिस्पर्धाबाट दूरी कायम राख्नुपर्छ ।

आजको विश्वमा शक्ति प्रतिस्पर्धा अझ तीव्र हुने संकेत देखिन्छ । इन्डो प्यासिफिक रणनीति, एसपीपी जस्ता कार्यक्रमहरू र मध्यपूर्वमा देखिएको युद्धले यही वास्तविकता देखाउँछन् । यस्तो परिस्थितिमा नेपालले आफ्नो विदेश नीतिलाई स्पष्ट, सन्तुलित र राष्ट्रिय हित केन्द्रित बनाउन आवश्यक छ । यदि नेपालले असंलग्नताको सिद्धान्त, कूटनीतिक सन्तुलन र विवेकपूर्ण राष्ट्रवादलाई मजबुत रूपमा कायम राख्न सक्यो भने मात्र बदलिँदो विश्व राजनीतिमा आफ्नो सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय हितलाई सुरक्षित राख्न सक्षम हुनेछ । एसपीपी विषय सन् २०२२ मा निकै ठूलो विवाद बन्यो । धेरै दल, नेताहरु र सर्वसाधारणले यसलाई लुकेको सैन्य सम्झौता जस्तो माने देशभर विरोध भयो । एसपीपी अमेरिकासँग सम्बन्धित भएकाले विशेषगरी चीनसँग सम्बन्ध बिग्रन सक्छ भन्ने चिन्ता भयो । नेपालको संसद र सरकारको निर्णयले २०२२ मा एसपीपी अगाडि नबढाउने निर्णय गर्‍यो ।

नेपालले एसपीपी अस्वीकार गर्नुको पछाडि सार्वभौमिकता, विदेश नीति सन्तुलन र जनदबाब नै हो । बदलिँदो शक्ति सन्तुलनबीच आफ्नो स्वायत्तता जोगाउने सबैभन्दा प्रभावकारी उपाय भनेको सन्तुलित कूटनीति र दृढ राष्ट्रिय अडान हो । बाह्य दबाब वा आकर्षणभन्दा माथि उठेर दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रमा राख्नु नै आजको आवश्यकता हो ।

# सुरक्षित पानी र दिगो व्यवस्थापन

## सन्दर्भ : विश्व पानी दिवस-२०८२



✍सुरजकुमार भुजेल



नेपाल जलस्रोतको हिसाबले विश्वमै धनी देशमध्ये एक मानिन्छ । हिमालबाट बग्ने ठूला नदीहरू, पहाडका मुहानहरू र तराईका भूमिगत जलस्रोतहरूले देशलाई प्राकृतिक रूपमा समृद्ध बनाएका छन् । तर यति धेरै स्रोत हुँदाहुँदै पनि सबै नागरिकले सुरक्षित र पर्याप्त खानेपानी पाउने अवस्था अझै सुनिश्चित हुन सकेको छैन । पछिल्लो तथ्याङ्कअनुसार करिब ९०.०८ प्रतिशत जनसंख्याले आधारभूत खानेपानी सेवामा पहुँच पाएका छन्, तर सुरक्षित र गुणस्तरीय पानीमा पहुँच भने निकै कम अर्थात करिब ४७.५ प्रतिशत जनसंख्यामा सीमित छ । सरसफाइ क्षेत्रमा भने सुधार भएको छ र देश खुला दिसामुक्त घोषणा भइसकेको छ, जसले जनस्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पारेको छ ।

नेपालमा पानीको प्रयोग मुख्यत: खानेपानी, सरसफाइ, सिँचाइ, जलविद्युत उत्पादन र अन्य घरेलु तथा औद्योगिक प्रयोजनमा भइरहेको छ । तीमध्ये सबैभन्दा महत्वपूर्ण प्रयोग खानेपानी र सरसफाइ हो, जसले प्रत्यक्ष रूपमा मानव स्वास्थ्यसँग सम्बन्ध राख्छ । शहरी क्षेत्रमा पाइप प्रणालीमार्फत पानी वितरण भइरहेको छ भने ग्रामीण क्षेत्रमा धारा, मुहान, कुवा र इनारमा निर्भरता अझै धेरै छ । तर, धेरै ठाउँमा पानीको गुणस्तर सन्तोषजनक छैन र प्रदूषण, कमजोर पूर्वाधार तथा व्यवस्थापनको कमीले समस्या बढाइरहेको छ ।

विश्व समुदायले पानीको महत्वलाई ध्यानमा राख्दै प्रत्येक वर्ष मार्च २२ का दिन विश्व पानी दिवस मनाउँदै आएको छ । यसको सुरुवात सन् १९९२ मा रियो द जेनेरियोमा भएको संयुक्त पर्यावरण र विकासको संयुक्त राष्ट्र संघको भेलाले मनाउन थालिएको हो र सन् १९९३ देखि औपचारिक रूपमा मनाउन थालिएको हो । यस दिवसको उद्देश्य पानीको संरक्षण, सुरक्षित उपयोग र सबै नागरिकमा समान पहुँच सुनिश्चित गर्ने हो । प्रत्येक वर्ष फरक-फरक नारा तय गरिन्छ, र यस वर्षको नारा 'पानी र लैंगिक समानता' रहेको छ । यसले पानी व्यवस्थापनमा महिला र पुरुषबीच समान अवसर र सहभागिताको आवश्यकता औंल्याउँछ ।

नेपालमा पनि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, उपभोक्ता समितिहरू, स्थानीय तह र खानेपानी व्यवस्थापन बोर्डहरूले यो दिवस मनाउँदै आएका छन् । सरसफाइ अभियान, सचेतनामूलक कार्यक्रम, तालिम, छलफल र स्रोत संरक्षणका गतिविधिहरू सञ्चालन गरिन्छ । यस्ता कार्यक्रमहरूले समुदायलाई पानीको महत्व बुझ्न र यसको सही उपयोग गर्न प्रेरित गर्छन् । नेपालको कानुनी व्यवस्थाले पानी प्रयोगको प्राथमिकता स्पष्ट रूपमा निर्धारण गरेको छ । पहिलो प्राथमिकता खानेपानी र सरसफाइलाई दिइएको छ, किनभने यो मानव जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । त्यसपछि कृषि सिँचाइ, जलविद्युत उत्पादन, उद्योग तथा अन्य क्षेत्रमा पानी प्रयोग गर्न पाइन्छ । यसले सीमित स्रोतलाई आवश्यकताको आधारमा व्यवस्थित रूपमा उपयोग गर्ने आधार प्रदान गर्दछ ।

तर अहिलेका दिनमा पानीको क्षेत्रमा चुनौतीहरू बढिरहेका छन् । जलवायु परिवर्तनका कारण मुहानहरू सुक्दै गएका छन्, वर्षा अनियमित भइरहेको छ र प्राकृतिक स्रोतहरूमा असर परेको छ । त्यसमाथि जनसंख्या वृद्धि, तीव्र शहरीकरण, वन विनाश र प्रदूषणले पानीको माग बढाउँदै लगेका छन् । यसले भविष्यमा पानी संकट अझ गम्भीर हुन सक्ने संकेत देखिन्छ । यी चुनौतिहरूलाई न्यूनिकरण गर्न विभिन्न उपायहरू अपनाउन आवश्यक छ । वर्षा पानी संकलन प्रणालीको विस्तार, मुहान संरक्षण, जल पुनर्भरण प्रविधि, पानीको पुन:प्रयोग र पानी बचत गर्ने व्यवहारलाई प्रवर्द्धन गर्नुपर्छ । साथै, आधुनिक प्रविधिको प्रयोग, नियमित अनुगमन र जनचेतना अभिवृद्धि पनि अत्यन्त आवश्यक छन् । विद्यालय, समुदाय र स्थानीय तहबाटै पानी संरक्षणका कार्यक्रम सञ्चालन गर्न सके दीर्घकालीन सुधार सम्भव हुन्छ ।

स्थानीय तहमा क्रियाशील खानेपानी व्यवस्थापन बोर्डहरू, उपभोक्ता समितिहरू र सेवा प्रदायक संस्थाहरूको भूमिका यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण हुन्छ । यस सन्दर्भमा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई देशकै नमुना मान्न सकिन्छ । यहि बोर्डबाट प्रभावित भई अहिले स्थानीय तहहरुले समेत खानेपानी व्यवस्थापन बोर्डहरु गठन गरी क्रियाशील गराइरहेका छन् । मकवानपुरकै थाहा नगरपालिकाले पनि आफ्नै ऐन जारी गरी खानेपानी व्यवस्थापन बोर्ड गठन गरेको छ र नगर क्षेत्रमा सेवा विस्तार गरिरहेको छ । धादिङको बेनीघाट रोराङ, ज्वालामुखी गाउँपालिकालगायत थुप्रै स्थानीय सरकारहरुको ऐन जारी गरी पालिकाको सक्रियतामा खानेपानी बोर्डहरु गठन गरेका छन् । यि संस्थाहरूले खानेपानीको स्रोत संरक्षण, गुणस्तरीय सेवा प्रवाह, नियमित मर्मत सम्भार, पानी परीक्षण र उपभोक्ता सहभागिता सुनिश्चित गर्ने गरी कामहरु गरिरहेका छन् ।

नेपालको संविधानको धारा ३५ (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको मौलिक हक प्रदान गरेको छ । संघीयता कार्यान्वयनसँगै स्थानीय तहलाई यस क्षेत्रको प्रमुख जिम्मेवारी दिइएको छ । तर व्यवहारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अझै पर्याप्त छैन । साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको सहकार्य पनि कमजोर देखिन्छ । यसले गर्दा योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने समस्या देखिएको छ । यदि स्थानीय तहमा रहेका खानेपानी व्यवस्थापन बोर्डहरूलाई पर्याप्त बजेट, दक्ष जनशक्ति, प्राविधिक सहयोग र तालिम उपलब्ध गराइयो भने सेवा प्रवाहमा उल्लेख्य सुधार ल्याउन सकिन्छ । साथै, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्न सके सेवाको गुणस्तर अझ राम्रो बन्न सक्छ ।

नेपालमा पानीको पर्याप्त स्रोत भए पनि यसको दिगो र समान उपयोगमा अझै चुनौतीहरू रहेका छन् । पानीको संरक्षण, प्रभावकारी व्यवस्थापन, कानुनी व्यवस्था कार्यान्वयन र स्थानीय तहका संस्थाहरूको सुदृढीकरणमार्फत मात्र सबै नागरिकमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न सकिन्छ । यसो गर्न सकेमा मात्र संविधानले सुनिश्चित गरेको मौलिक हक व्यवहारमा लागू हुनेछ र विश्व पानी दिवस मनाउनुको वास्तविक उद्देश्य पनि सार्थक हुनेछ । (भुजेल, थाहा खानेपानी व्यवस्थापन बोर्डमा आवद्ध छन् ।

# समाज र राज्यको नजरमा एक समान मान्छे हुन चाहन्छु



प्रकाश सपुत

विश्व प्रसिद्ध कोरियन संगीत समूह बिटिएसले २ वर्ष सेनाका रुपमा देशलाई सेवा गरेर फर्किएपछि आज मार्च २१ तारिख (शनिबार) लाईभ कन्सर्टसहित आफ्नो नयाँ एल्बम रिलिज गर्दैछ। नेटफिलिक्समा लाईभ स्ट्रिम गरिने कन्सर्टको संसारभरीका फ्यानहरु प्रतिक्षा गरिरहेका छन् ।

बिटिएसले २ वर्ष देशलाई दिए जस्तै मैले पनि मरिजाने चोलाको ५ वर्ष देशलाई दिने सोचेको थिएँ । छोटो समयमा मानसिक र व्यवहारिक रुपमा तयार भैरहेको थिए। किनकि जीवनको कुनै न कुनै मोडमा देशको कुनै कार्यकारी निकायमा बसेर काम गर्ने सोँच पहिले देखिकै हो। अहिले त्यो संयोग र अवसर मिलेको थियो। मैले होशमै निर्णय लिएको थिए र निर्वाचनमा होमिएको थिए ।

हुन त नेता वा संसद हुने मात्रै नियत भएको भए यस अगाडि पनि त्यस्तो अवसर आएको थियो । त्यसैले यसपाली आफू प्रतिनिधि सभामा जाने मात्रै मेरो उद्देश्य थिएन, मेरो मूलत: ३ वटा उद्देश्य थिए जुन मैले डे वान देखि भन्दै आएको छु।

१) नयाँ समय र आन्दोलनलाई सम्बोधन गर्न, पुरानो राजनीतिक अभ्यास, अस्थिरता र भ्रष्ट्राचार अन्त्य गर्न एउटा नयाँ राजनीतिक शक्तिका रुपमा स्थापित हुन रास्वपालाई समर्थन र सहयोग गर्ने ।

२) बालेनको नेतृत्वमा स्थायी सरकार निर्माण गर्न खुलेर लागी पर्ने।

३) यसरी स्थापित नयाँ शक्ति र सरकारलाई उपेक्षित उत्पीडित हाम्रो समुदायको अनुहार देखाइरहने र झक-झकाई रहने ।

यी ३ उद्देश्यले होमिएको निर्वाचनपछि मलाई 'म छुटे' भन्ने त लागेको छ तर आफ्नो उद्देश्य पूरा भएकोमा छोटो तयारीका बीच उत्कृष्ट नम्बर लिएर पास भएको कुनै स्कुले विधार्थी जस्तै फुरुङग भएको छु। मेरो कुनै गुनासो छैन। म मेरा केही शुभेच्छुक, मेरो जन्म गाउँ, जिल्ला र जो मलाई सदनमा देख्न चाहन्थे उनीहरुका निम्ती दुखी छु । तर, मैले मेरो निम्ती र कुनै क्षेत्र विशेष उम्मेदवारको निम्ती भनेर कुनै ठाउँमा भोट मागिन्, समग्रमा यसपालि परिवर्तनको पक्षमा भोट हाल्न आग्रह गर्दै हिँडे । हुन पनि त्यस्तै भयो । एक प्रकारले यसपालि हामी सबैको मत गोप्य रहेन। हामी सबै परिवर्तनको पक्षमा भईयो भनुम्न ।

खैर, 'मामुली गायक, चटके, जो पनि नेता, अवसरवादी जे-जे भने पनि म एउटा उत्पीडित समुदायमा जन्मिएको, समाज देखेको र बुझेको आम नागरिक मध्येको एक हुँ। राजनीतिक परिवर्तन देख्दै र भोग्दै हुर्किएको पुस्ता हुँ । म उमेरले १२-१३ वर्षको हुँदादेखि नै समाजप्रति मेरो बुझाई विरोधाभास थियो । म कहिले बम बोकेर सूर्य पण्डितको घरमा छिरेको कल्पना गर्थे, कहिले पैसाको बिटोले भण्डारी साहुको मुखमा हानेको कल्पना गर्थे। यसरी जातीय र वर्गीय रुपमा अपहेलित भएकाले मेरो बाल मनोविज्ञानमा एक प्रकारको कुण्ठा र आक्रोश स्वभाविक थियो । तर, समाजमा बाँच्न हामीले सहँदै, सद्भाव राख्दै आयौं । मैले आफ्नो उग्र कल्पनाशीलतालाई शालिन सिर्जशीलतामा ढालेँ। त्यसैले पेशाले कलाकार भए पनि कहीँ न कहीँ राजनैतिक र सामाजिक चेत धेरथोर छ । समाजको चिन्ता र माया छ। मैले बालेनसँगको भेटमा भनेको थिएँ, 'गणतन्त्र स्थापना पछि म किन जनयुद्धमा गइन भन्ने पछुतो लागिरह्यो । ६२/६३ को जनआन्दोलनमा पनि म छुटेँ। तपाई काठमाण्डुको मेयर उठ्दा पनि हामीले सहयोग गर्ने आँट गरेनौं । रास्वपा सुरुवात हुँदै गर्दा सोविता गौतम जीले प्रकाश जी अब गीतले मात्रै टेरेनन्, आउनुस् राजनीति मार्फत् सदनमै पुगेर थर्काउन जाउँ भन्दा पनि अहिले हतार नगरौं भन्ने लाग्यो । अब अहिले जेनजी आन्दोलनपछि फेरी देशले नयाँ खालको राजनैतिक परिवर्तन खोजेको छ। म तपाईहरुसँगै हिँड्न चाहन्छु बालेन जी । यो परिवर्तनको साक्षी र सारथी हुन चाहन्छु । मैले परिवर्तन स्पष्ट देखेको छु। म फेरी छुट्न चाहन्न । म पछुताउन चाहन्न।' मैले भनेको थिएँ।

हुन त देशका लागि केही गर्न पद नै चाहिने भन्ने त होईन। यत्तिकै पनि त योगदान गर्न सकिन्छ हैन र ? हो, सकिन्छ । तर प्रभाव पर्ने गरी काम गर्न भूमिका चाहिन्छ । नत्र टेलिभिजनबाट खबरदारी गरिरहेका रबि लामिछाने पार्टी खोलेर आउने थिएनन्, हिपहप मार्फत् समाज बोलिरहेका बालेन लौरो लिएर उठ्नु पर्दैन थियो । त्यसैले भूमिका चाहिन्छ। यसपालि त झन् एउटा विशेष परिस्थिति हो । ऐतिहासिक अवसर र जिम्मेवारी प्राप्त हुँदै थियो। यदि सांसद भएको भए के-के गर्न सकिन्छ भन्ने तयारी र छलफल पनि हामीले थालेका थियौं। ग़ैरराजनीतिक दलित अधिकारकर्मीहरुसँग म निरन्तर छलफलमा थिएँ । संस्कृतिकर्मी र पर्यटन व्यवसायीहरुसँग निरन्तर कुराकानी भैरहेको थियो । किनकि मलाई पहिलो उत्पीडित समुदायको मुद्दामा र अर्को नेपाली रैथाने मौलिक संस्कृतिको क्षेत्रमा ठोस नीति र योजना बनाएर काम गर्न सकिन्छ भन्ने लागेको थियो। धेरै थोक गर्न नखोज्ने यस्तै २/३ वटा विषयलाई फोकस गरेर यो पाँच वर्ष संसदीय अभ्यास गर्ने र ३ तहकै सरकारसँग समन्वय गरेर फिल्डमै खटिएर पनि काम गर्ने सोच बनाएका थियौं । एउटा इमान्दार जनप्रतिनिधिको आँखाले देश देख्ने धोको थियो ।

'ह्यात्तेरी, कस्तो धोको रहयो भन्या !'

समानुपातिकमा नअट्ने भएपछि सभापति रवि दाइले फोन गर्नुभयो, 'प्रकाश जी तपाई छुट्नु भयो । तपाई जत्तिको मान्छेले संवैधानिक व्यवस्था बुझ्नु हुन्छ । केही छैन। तपाईले उठाउन खोजेको समानताको मुद्दा हामी सबैको साझा मुद्दा हो । त्यसमा प्राथमिकताका साथ काम हुन्छ। बरु अब तपाईको आगामी राजनीतिक यात्रा बारे केही सोच छ भने मलाई भन्नु होला । पार्टीमा बसेर पनि देशको निम्ति योगदान गर्न सकिन्छ। राजनीतिमा रुचि छैन भने पहिले जस्तै स्वतन्त्र रुपमा आफ्नो सिर्जना मार्फत हामीलाई सहयोग र खबरदारी गर्नुहोला।'

मैले भने, 'एउटा व्यावसायिक कलाकारको रुपमा मलाई अलि अलमल त पक्कै भयो, मेरो समय म विस्तारै ठिक गर्दै जाउँला। देशको समय सुध्रियो भने हामी सबैको समय राम्रो हुन्छ। यसपालि देशको समय राम्रो हुने देखिएको छ। अहिले तपाईको नेतृत्वमा झण्डै २ तिहाईसहितको शक्तिशाली पार्टी बनेको छ रास्वपा । बालेनको नेतृत्वमा ५ वर्षको स्थिर सरकार बन्दैछ। यो प्रक्रियाको एउटा सानो हिस्सा बन्न पाउँदा मेरो मनले मलाई धन्यवाद दिइरहको छ । आगामी कयौं पुस्ताले धन्यवाद दिने गरी काम गर्नुहोला। अब साँच्चिकै देश बन्छ भन्ने अनुभूति दिलाउनुहोला। यो देश हामी सबैको हो भन्ने महशुस गराउनु होला । यदि अहिले परिवर्तनको पक्षमा उभिएकै कारण मेरो कलाकारिताको कद घट्दै गएछ भने मेरो माइक समाउने हातले गाउँ फर्केर हलो समाउन सक्छ। गरिखान सकिन्छ। पिर छैन । म आफ्नो व्यक्तिगत स्वार्थका लागि कुनै दिन तपाईहरु कहाँ आउने छैन। मलाई कतै एड्रेस गर्न कुनै निकायमा नियुक्ति दिने यताउता सुझाव देलान्। त्यता केही नसोच्नुहोला । चुनावी अभियानका क्रममा बिराटनगरको चाँदनीचोकमा २०/३० जनाको अगाडि हाते माइकमा गीत गाउनु पर्दा म भित्रको एउटा स्टार कलाकार रोएको थियो। आज तपाईको फोनले त्यो स्टारको आँशु पनि पुछियो। एउटा नेतृत्वमा हुने पर्ने यो गुण तपाईमा सधै भैराखोस्। म अब ढुक्कले जनतालाई मनोरन्जन दिन चाहन्छु। मेरो बाल मष्तिकले बोकेको सामाजिक र राजनैतिक चेतको भारी बिसाएर केबल ईन्टरटेनर हुन चाहन्छु । म समाज र राज्यको नजरमा एक समान मान्छे हुन चाहन्छु ।'

# त्रिभुवन माविको अभिभावक भेला सम्पन्न




समाज संवाददाता

हेटौँडा: हेटौँडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयको ६४ औं अभिभावक भेला शनिबार सम्पन्न भएको छ। वडा नम्बर ११ का अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यमा भेला सम्पन्न भएको हो ।

कार्यक्रममा विद्यालयका लेखापाल सज्जन रिमालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गरेको भन्दै विद्यालय व्यवस्थापन समिति सदस्य जनकप्रसाद लामिछानेलगायत आ-आफ्ना भूमिका उत्कृष्टरुपमा निर्वाह गरेकोमा शिक्षकहरु, विद्यालय कर्मचारीहरुलाई सम्मान गरिएको थियो । यस्तै, सक्रिय अभिभावक जयप्रसाद ढुंगाना र नियमित अभिभावकको रुपमा मुना दाहाललाई सम्मान गरिएको थियो। कार्यक्रममा बिभिन्न विधामा सक्रिय विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो ।

उत्कृष्ट स्काउट ट्रुप शीर्षकमा समीक्षा शाही, उत्कृष्ट उपन्यासकार आसिका श्रेष्ठ, शैक्षिक मोनिटर सन्ध्या न्यौपाने, विद्यालय क्याप्टेन सागर न्यौपाने, त्रिभुवन बालआवाज भित्तेपत्रिका प्रकाशन समितिको सक्रिय सदस्यको रुपमा वर्षा चापागाईं सम्मानित भएका थिए । कार्यक्रममा विद्यालयको प्रगति तथा समस्याहरुबारे शिक्षक, अभिभावक तथा विद्यार्थीहरुले मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरुद्वारा विभिन्न सांगीतिक कार्यक्रम तथा नृत्य प्रस्तुत गरिएको थियो ।

भेलाले विद्यालय व्यवस्थापन समितिको नयाँ समिति निर्माणार्थ ४ जना सदस्यहरु चयन गरेको छ। चयन भएका सदस्यहरुमा बिनु नेपाली, गोबिन्दप्रसाद न्यौपाने, जमुना राई र बद्री लम्साल रहेका छन्। ९ सदस्यीय रहने समितिमा प्रधानाध्यापक सदस्यसचिव रहने र बाँकी ४ जना सदस्यहरु ३ दिनभित्रमा टुङ्गो लाग्ने विद्यालयले जनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक उप्रेतीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका अधिकृत रमेश बिडारी, निवर्तमान वडाअध्यक्ष गोकर्ण पराजुली, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरु दिवस पराजुली, बालकृष्ण बजगाईं, विद्यालयका प्रधानाध्यापक रामकुमार बतौला, पूर्वप्रधानाध्यापक हस्तलाल श्रेष्ठलगायतको उपस्थिति थियो ।

# नेपाल हृदयरोग प्रतिष्ठानको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौँडा: नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको २० औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ। बरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रेमराज वैद्यको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो ।

कार्यक्रममा प्रतिष्ठानका मकवानपुर अध्यक्ष विजयकुमार वैद्यले मकवानपुर शाखाले गरेका कार्यहरुको बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। गत फागुनमा डा. प्रेमराज वैद्यले आफ्ना स्वर्गीय माता बेतीमाया वैद्य तथा पिता ललितराज वैद्यको स्मृतिमा १ लाख ११ हजार १ सय ११ रुपैयाँको अक्षयकोष स्थापना गर्नुभएकोमा शनिबार सम्पन्न कार्यक्रममा उहाँका दाजु पृथ्वीराज वैद्यले १ लाख रुपैयाँ थप गर्दै प्रतिष्ठानलाई चेक हस्तान्तरण गर्नुभएको छ ।

अक्षयकोषमा जम्मा भएको रकमको ब्याज उच्च रक्तचाप र यसका समस्याबारे जनचेतना जगाउन उपयोग गरिने कार्यक्रममा जनाइएको छ । उच्च रक्तचापबाट मुटुको मात्र नभई आँखा, मृगौला, मस्तिष्कसहितका अंगहरुमा क्षति पुग्न सक्ने हुनाले सचेत रहनु आवश्यक भएको कार्यक्रमका सहभागीहरुले बताउनुभएको छ ।

प्रतिष्ठानको मकवानपुर शाखाले विभिन्न कार्यक्रमहरु सञ्चालन गरी २०८२ को सर्वोत्कृष्ट शाखा हुन सफल भएकोमा आगामी दिनमा अझै उत्कृष्ट कार्य गर्न प्रोत्साहन मिलेको मकवानपुरका सभापति विजयकुमार वैद्यले बताउनुभयो । मकवानपुर शाखाले यस वर्ष हेटौँडा-१०, हेटौँडा-४, थाहानगरपालिका तथा भीमफेदीको निबुवाटारमा मुटुरोगसहित अन्य रोगहरुको विशेषज्ञ चेकजाँच तथा औषधि वितरण शिविर सञ्चालन गरेको सभापति वैद्यले जानकारी दिनुभयो। यस्तै, हेटौँडा अस्पतालमा श्रावण र माघ महिनामा २ सय भाइल औषधिसमेत सहयोग गरेको सभापति वैद्यले जानकारी दिनुभयो ।

कार्यक्रममा प्रतिष्ठानका केन्द्रीय सदस्य हरिवंश भेटवाल, केन्द्रीय सल्लाहकार भागिरथ शर्मा, प्रतिष्ठानकै प्रदेश संयोजक भोजराज कौडेल, प्रदेश सदस्य मेघराज पौडेल, जिल्ला शाखाका संस्थापक सभापति सम्राट तुम्बाहाङ्फेलगायतको उपस्थिति थियो ।

# प्रधानमन्त्री ज्यू प्रतिवेदन सार्वजनिक गर्नुस्



रक्षा बम

सम्माननीय प्रधानमन्त्रीज्यू,

म आज पनि त्यो दिन सम्झन्छु, राज्यविहीनताको जटिल अवस्थाबाट देश गुज्रिरहेको बेला तपाईंले नेतृत्व सम्हाल्नुभयो र आजसम्म आइपुग्दा व्यवस्था कायम राख्दै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउनुभयो। त्यसका लागि तपाईं निश्चय नै धन्यवादका पात्र हुनुहुन्छ ।

तर प्रधानमन्त्रीज्यू, के तपाईंले सडकमा के भइरहेको छ भनेर नियाल्नु भएको छ ? हामीलाई कस्ता प्रश्नहरू सोधिँदैछन्, कस्तो व्यवहार भोग्नुपरेको छ, देखिरहनुभएको छ ? संकटको अवस्थामा संविधान जोगाउन र देशलाई निकास दिन तपाईंको नेतृत्व आवश्यक छ भन्ने विश्वासका साथ हामीले तपाईंहरूमाथि भरोसा गरेका थियौं, र त्यो धेरै हदसम्म सही निर्णय पनि हो । तर त्यही विश्वासको बदलामा आज हामीले दुर्व्यवहार भोग्नुपरेको छ । जीवनभरि गलत आरोपहरूको बोझ बोक्नुपर्ने अवस्था सिर्जना हुँदैछ। किनकी पीडितहरूको आवाज चर्को हुन्छ प्रधानमन्त्री ज्यू । त्यसलाई बेलैमा सम्बोधन गरिनुपर्छ ।

यी प्रश्नहरू र यस्तो व्यवहार आज सडकमा प्रत्यक्ष रूपमा देखिएको पहिलो दिन हुन सक्छ, तर सामाजिक सञ्जालमा, विशेषत: फेसबुकका इनबक्स र कमेन्टहरूमा, म यसलाई सुरुदेखि नै भोग्दै आइरहेकी छु। यो त मेरो दैनिकी जस्तै भइसकेको छ । ममाथि लगाइएका आरोपहरू, सोधिएका प्रश्नहरू र गरिएको व्यवहारको जवाफ मैले बारम्बार दिइसकेकी छु, तर अब त्यतिले मात्रै पुगेन, प्रधानमन्त्रीज्यू । अब हामीमाथि लागेका यस्ता आरोप र प्रश्नहरूको जवाफ तपाईंले प्रतिवेदन सार्वजनिक गरेर दिनैपर्छ।

प्रधानमन्त्रीज्यू, मेरो हातमा रगत लागेको छ कि छैन, म त्यो जान्न चाहन्छु । मैले सिंहदरबार जलाएको हो कि होइन ? म त्यो जान्न चाहन्छु । म कतैबाट परिचालित छु कि छैन ? यी सबै प्रश्नहरूको उत्तर म पनि जान्न चाहन्छु। र म यो पनि जान्न चाहन्छु कि हाम्रो शान्तिपूर्ण आन्दोलन एकाएक हिंसात्मक कसरी भयो ? गोली चलाउने आदेश कसले दियो ? र सिंहदरबार जलाउने सलाई कसको हातमा थियो ? त्यसैले, कृपया प्रतिवेदन सार्वजनिक गरिदिनुहोस् । त्यो तपाईंको जिम्मेवारी हो ।

न्याय पर्खिरहेका आँखाहरू तपाईंतिरै फर्किएका छन्। इतिहासले तपाईंलाई कसरी सम्झिने, त्यो निर्णय आज तपाईंकै हातमा छ ।

## शिक्षक आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०८)

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा, हेटौँडा उपमहानगरपालिका कार्यालयको मिति २०८२/१२/०१ च.नं. ७१७ को पत्रानुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/०१ को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह नेपाली विषय राहत कोटामा शिक्षक आवश्यक परेको हुँदा दरखास्तका लागि शिक्षा सेवा आयोगको अन्तिम पटक प्रकाशित करार सूचीमा रहेका सम्बन्धित तह र विषयका उम्मेदवारहरुहका लागि यो ७ दिने विज्ञापन प्रकाशित गरिएको छ।

**१. विज्ञापन नं. : ०१/०८२/०८३**
२. पद संख्या : १ (एक)
३. तह : नि.मा.वि.
४. तलब स्केत : नेपाल सरकारद्वारा तोकिए बमोजिम ।
५. आवेदन दिने अन्तिम मिति : २०८२/१२/१५ गतेसम्म ।
६. सम्पर्क मिति : २०८२/१२/१६ गते ।

**आवश्यक कागजातहरु**
क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
ग) करार सूचीमा नाम उल्लेख भएको पत्र ।

सम्पर्क : ९८४५१०५०२०, ९७६७४९१६७४

**श्री लक्ष्मी आधारभूत विद्यालय**
**हेटौँडा-५, मकवानपुर**

## रोजगारीको अवसर

**हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क** : ९८२१-२५९३९३







## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

# हेटौँडामा पनि इद पर्व मनाइयो


हेटौँडा-४ स्थित जामे मस्जिदमा नमाज पढ्दै ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडाका पनि इस्लाम धर्मावलम्बीहरुले इद (ईद-उल-फितर) पर्व मनाएका छन् । एक महिना लामो पवित्र रमजान कठोर व्रत (रोजा) पूरा भएको अन्तिम दिन शनिबार मुस्लिम समुदायले सामूहिक नमाज पढ्दै यो पर्व मनाएका हुन् ।

देश विदेश जस्तै हेटौँडा-४, भैरवरोडस्थित जामे मस्जिदमा बिहान साढे ७ बजेको नमाज पढेर सकाएपछि एक अर्कासँग अङ्गालो हालेर काँध जोडेर इद मुबारक भन्दै शुभकामना आदानप्रदान गरेर खुसी साटासाट गरेका थिए । फागुन ७ गतेदेखि सुरु भएको रमजान पर्व शनिबार सम्पन्न भएको हो । एक महिनासम्म चल्ने यो पवित्र महिनामा मुस्लिम समुदायले व्रत (रोजा) बस्ने गर्दछन् । रोजा अवधि पूरा भएपछि अन्तिम दिन इद पर्व मनाइन्छ । इद पर्वको अवसरमा घरघरमा विभिन्न मीठा परिकारहरू तयार गर्ने चलन छ । विशेषगरी सेवइ, खीर, विभिन्न मिष्ठान्न र मासुका परिकारहरू बनाएर परिवार, छिमेकी र आफन्तजनलाई खुवाउने गरिन्छ ।

रोजाका क्रममा मुस्लिम धर्मावलम्बीहरूले बिहान ५ बजेर २० मिनेटअघि नै खानेकुरा (सेहरी) खाइसक्नु पर्ने हुन्छ । त्यसपछि दिनभरि केही नखाई र पानीसमेत नपिई व्रत बस्ने गरिन्छ । बागमती प्रदेशको राजधानी हेटौँडासहित संघीय राजधानी काठमाडौंसहित तराईका जिल्लाहरू (बारा, पर्सा, रौतहट, बाँके, कपिलवस्तु) लगायत स्थानमा ठूलो संख्यामा मुस्लिम समुदायका मानिसहरू भेला भएर सामूहिक रूपमा नमाज पढेर खुसी साटासाट गरि पर्व मनाएका छन् । नमाजपछि एकअर्कालाई अँगालो हाल्दै 'इद मुबारक' भन्दै शुभकामना आदानप्रदान गर्ने परम्परा रहँदै आएको छ । इदको अवसरमा शनिबार बिहान करिब ५ सय जना भन्दा बढीको संख्याम मस्जिदमा मानिसहरु भेला भएको मस्जिद समितिले जनाएको छ ।

रमजान महिनाभरि गरिब, असहाय तथा विपन्न वर्गलाई सहयोग गर्ने चलन पनि रहेको छ । जसलाई जकात तथा सदकाको रूपमा चिनिन्छ । धार्मिक, साँस्कृतिक तथा सामाजिक दृष्टिकोणले इदको विशेष महत्व रहेको छ । यो पर्वले केवल धार्मिक आस्था मात्र नभई सम्पूर्ण समाजलाई जोड्ने पुलको रूपमा काम गर्ने विश्वास गरिन्छ ।

## राष्ट्रिय महिला भलिबल प्रतियोगिता

# जनशक्तिलाई हराउँदै न्यु डायमण्ड फाइनलमा


फाइनल प्रवेश गरेको न्यू डायमण्ड क्लबको महिला भलिबल टिम ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडामा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा काठमाडौँको न्यू डायमण्ड स्पोर्ट्स क्लब प्रवेश गरेको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौँडा-१० स्थित टिसिएनचौरमा जारी दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा भएको राष्ट्रिय महिला भलिबल प्रतियोगताको सेमिफाइनल खेलमा मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई ३-० को सोभ्mो सेटले पराजित गर्दै काठमाडौँको न्यु डायमण्ड स्पोर्ट्स क्लब फाइनलमा प्रवेश गरेको हो ।

शनिबार भएको पहिलो सेमिफाइनलमा न्यू डायमण्ड स्पोर्ट्स क्लबले मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई २५-१०, २५-१४ र २५-१८ को सेटले सहजै पराजित गरेको हो । यस्तै, लुम्बिनी प्रदेशको स्टेप भलिबल क्लब पाल्पा र बागमती प्रदेशको केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानबीचको सेमिफाइनल खेल वर्षाका कारण प्रभावित बनेको छ । उक्त खेल आइतबार बिहान ८ बजे हुने र फाइनल खेल दिउँसो १ बजे हुने आयोजक समितिका नरेन्द्र मोक्तानले जानकारी दिएका छन् ।

समूह चरणको दुई खेल खेलेको न्यु डायमण्ड क्लबले समूह 'ए' बाट विजेता बन्दै सेमीफाइनलको यात्रा पूरा गरेको थियो भने समूह चरणको २ खेल खेलेको जनशक्ति युवा क्लबले समूह 'बी' बाट उपविजेता सेमिफाइनलको यात्रा पूरा गरेको थियो । प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै सेमीफाइनलमा पराजित हुने दुई टिमले ५० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

विधागत उत्कृष्ट खेलाडीलाई ट्रफि, मेडल, प्रमाणपत्र र नगद प्रदान गरिने छ । प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमहरुको सहभागिता रहेको छ । मकवानपुर जिल्ला भलिबल संघ र केशव लाल श्रेष्ठ स्मृति प्रतिष्ठानको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमको सहभागिता रहेको थियो । बुधबार देखि शुक्रबारसम्म भने पहिलो संस्करणको खुल्ला आमन्त्रित राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुनेछ ।

# गजल मञ्चको २३४ औँ गजलयात्रा

**समाज संवाददाता**

हेटौँडा: गजल मञ्च मकवापुरको २३४ औँ नियमित गजलयात्रा सम्पन्न भएको छ । शनिबार गजल मञ्च मकवानपुरका अध्यक्ष सञ्जित श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

हेटौँडा-४, भैरवरोडस्थित साहित्य संगम मकवानपुर तथा सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त हलमा भएको कार्यक्रममा वरिष्ठ साहित्यकार तथा गजलकार तुलसी घिमिरेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नियमित गजल वाचनअन्तर्गत साहित्यकार तथा गजलकारहरु नवीन दर्लामी, सागर तिमल्सिना, डीबी बर्तौला, देवराज तिवारी, केशव समर्पणलगायतले गजल वाचन गर्नुभयो ।

कार्यक्रममा महाकाव्यकार मुना अर्याल, जनसांस्कृतिक महासंघ मकवानपुरका अध्यक्ष राजुराम राउत र जनज्योति माध्यमिक विद्यालयका विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

# विभिन्न मुद्दामा फरार ५ जना पक्राउ

**समाज संवाददाता**

हेटौँडा: मकवानपुर प्रहरीले विभिन्न मुद्दामा फरार रहेका ५ जना प्रतिवादीहरुलाई पक्राउ गरेको छ । बैंकिङ कसुर र वैदेशिक रोजगारी ठगी चालु मुद्दामा फरार भएकाहरुलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

बैंकिङ कसुरमा फरार भएका हेटौँडा-८ बस्ने ५६ वर्षीय चन्द्रबहादुर अधिकारीलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि प्रहरी वृत्त बौद्ध काठमाडौं पठाइएको छ । बैंकिङ कसुरमै फरार भएका भीमफेदी-८ बस्ने ५० वर्षीय रन्जन कठायत, झापाको दमक-८ घर भई हाल काठमाडौं-३२ बस्ने ४१ वर्षीय विष्णुप्रसाद चुडाल र झापाको कचनकवल-२ घर भई हाल काठमाडौं-३२ बस्ने ५० वर्षीय अमर कुमार थापालाई पक्राउ गरी जिल्ला प्रहरी परिसर भद्रकाली काठमाडौं पठाइएको छ ।

यस्तै, वैदेशिक रोजगार ठगी कसुरमा हेटौँडा-१९ की ३७ वर्षीया धनसानी गोलेलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाएको मकवानपुरका प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

# फेमकोल एकेडेमीको अभिभावक दिवस सम्पन्न



अभिभावक दिवसको अवसरमा विद्यार्थीलाई पुरस्कृत गर्दै ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-१३ स्थित फेमकोल एकेडेमीको अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार विभिन्न साँस्कृतिक कार्यक्रमसहित विद्यालयले अभिभावक दिवस मनाएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बगानसिंह थिङको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा वडा नम्बर १३ का वडाध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्य रहेको थियो । अभिभावक दिवसको अवसरमा शनिबार विद्यालयद्वारा आयोजित गायन प्रतियोगिता पनि सम्पन्न भएको विद्यालयकी प्रशासन प्रमुख सुष्मा नकर्मीले जानकारी दिनुभयो । प्रतियोगितामा जुनियरतर्फ नेना घलान प्रथम, विशेषता परियार द्वितीय र मनिषा मोक्तान तृतीय भएका छन् ।

यस्तै, सिनियर निमेष वाइबा प्रथम, दिक्षा विक द्वितीय र दिपिका वाइबा तृतीय स्थान हासिल गरेका हुन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले शिल्ड, मेडेल र प्रमाणपत्र प्राप्त गरेका छन् । अभिभावक दिवसको अवसरमा विद्यार्थीहरुलाई शैक्षिक पुरस्कार वितरण गरिएको विद्यालयले जनाएको छ । १० कक्षासम्म पठनपाठन हुने यस विद्यालयमा ७ सय विद्यार्थीहरु अध्ययनरत छन् ।

# जापानलाई महिला एसियन कप फुटबलको उपाधि


उपाधिसहित जापानी महिला फुटबल टिम ।

काठमाडौं : जापानले महिला एसियन कप फुटबल २०२६ को उपाधि जितेको छ । फाइनलमा आयोजक अस्ट्रेलियालाई १-० गोलले पराजित गर्दै जापानले तेस्रो पटक उपाधि हात पारेको हो । सिड्नीमा भएको खेलमा पहिलो हाफमै माइका हमानोले उत्कृष्ट गोल गर्दै जापानलाई अग्रता दिलाएकी थिइन् । करिब १८ मिटर टाढाबाट गरेको उनको प्रहार निर्णायक बन्यो ।

जापानले प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै २९ गोल गरेको थियो भने मात्र २ गोल खाएको थियो । यससँगै जापानले नयाँ प्रशिक्षक निल्स निल्सनको नेतृत्वमा पहिलो उपाधि जितेको हो । अस्ट्रेलिया भने तेस्रोपटक फाइनलमा जापानसँगै पराजित भएको छ । यसअघि सन् २०१४ र २०१८ मा पनि अस्ट्रेलिया जापानसँग नै पराजित भएको थियो । घरेलु भूमिमा पराजित भएपछि अस्ट्रेलियाली खेलाडीहरू स्तब्ध देखिएका थिए ।

जापानका प्रशिक्षक निल्सनले जितपछि राहत महसुस भएको बताएका छन् । उनले खेल ५०-५० को रहेको र आफूले अनुमान गरेजस्तै भएको बताए । 'अस्ट्रेलियामा अस्ट्रेलियाविरुद्ध खेल्न निकै कठिन हुन्छ, तर टोलीले राम्रो प्रदर्शन गऱ्यो, केही अवसरमा हामी भाग्यमानी पनि भयौं' उनले भने । उनले दर्शकको दबाब पनि चुनौतीपूर्ण रहेको बताए । 'यस्तो उत्साही समर्थकबीच खेल्न गाह्रो हुन्छ । हामीले सानो गल्ती गर्दा पनि दर्शकको प्रतिक्रिया ठूलो हुन्थ्यो' उनले भने, 'अवसर सिर्जना गर्न गाह्रो भयो, यसमा हामीले अझ काम गर्नुपर्छ ।'

यद्यपी उनले टोलीप्रति गर्व व्यक्त गर्दै अहिले उत्सव मनाउने समय भएको बताए । 'आज म धेरै विश्लेषण गर्न चाहन्न । अहिले रमाउने समय हो । यो जापानको तेस्रो उपाधि हो, हामीले ६ खेल जित्यौं, त्यसैले ट्रफी जित्नु उचित नै हो' उनले भने ।

(स्रोत: अनलाईनखबर)

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

# किड्स गार्डेन मन्टेश्वरीको अभिभावक दिवस सम्पन्न


अभिभावक दिवसमा नृत्य गर्दै विद्यार्थी ।

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-२ स्थित किड्स गार्डेन मन्टेश्वरीको १२औं अभिभावक दिवस सम्पन्न भएको छ । मन्टेश्वरीकी संस्थापक प्रिन्सिपल रुपा पोखरेलको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा शनिबार अभिभावक दिवस कार्यक्रम भएको हो ।

अभिभावक दिवसको अवसरमा विद्यार्थीले नृत्य, गायन, नाटक तथा उद्घोषण कला प्रस्तुत गरेका थिए । पूर्वप्राथमिक तहको मन्टेश्वरीमा २ सय विद्यार्थी अध्ययनरत छन् । अभिभावक दिवसको अवसरमा विद्यार्थीका हजुरआमाहरुलाई सम्मान गरेको छ । कार्यक्रममा स्थानीय टोल विकास संस्थाका पदाधिकारीको पनि आतिथ्य रहेको थियो । युकेजीबाट २२ जना विद्यार्थीले पूर्वप्राथमिक तहको शिक्षा पूरा गरी प्राथमिक तहमा प्रवेश गर्दैछन् । अभिभावक दिवसकै अवसरमा शनिबार युकेजी तहको अध्ययन पूरा गरेका २२ जना विद्यार्थीलाई दीक्षित समेत गरिएको छ ।

# सुमो दुर्घटनामा एक जना घाइते

**समाज संवाददाता**

हेटौँडा: ईन्द्रसरोवरमा सुमो दुर्घटना हुँदा एक जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । शुक्रबार बिहान इन्द्रसरोवर-३, थिङडाँडास्थित सिस्नेरी-दक्षिणकाली सडकखण्डमा हेटौँडाबाट काठमाडौंतर्फ जाँदै गरेको ना १ ज ७२०४ नम्बरको टाटा सुमोको ब्रेक फेल भई सडक छेउको नालामा खसी दुर्घटना भएको थियो ।

दुर्घटनामा परेर सुमोमा सवार १० जना यात्रुमध्ये मकवानपुरगढी-५ बस्ने ४० वर्षीय शंकरनाथ अधिकारी घाइते भएका हुन् । घाइते अधिकारीको ट्रमा सेन्टर काठमाडौंमा उपचार भइरहेको छ । सुमो चालक हेटौँडा-७, नागस्वती बस्ने ५१ वर्षीय कुलप्रसाद गौतम प्रहरीको नियन्त्रणमा रहेका छन् ।

## बसको ठक्करबाट...

प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

बागमती प्रदेश-३-०१-००५ ख ९२९८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते भएका उनीहरूलाई शुक्रबार राति राष्ट्रिय ट्रमा सेन्टरमा पुऱ्याइएको । दुवै जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए । बसचालक दोलखा घर भई कपन बस्ने ३५ वर्षीय मानबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । घटनाबारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताए ।

स्रोत : अनलाइनखबर ।

# महोत्सवमा स्टलको बाँस लागेर एक जना घाइते

**समाज संवाददाता**

हेटौँडा: हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा स्टलको बाँसले लागेर एक जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाकारी दिएको छ । शुक्रबार साँझ आएको हावाहुरीका कारण स्टलमा प्रयोग भएको बाँस टाउकोमा लागेर मेल हेर्न आएका हेटौँडा-११, थानाभऱ्याङ बस्ने ७० वर्षीय कालिकाप्रसाद कँडेल घाइते भएका हुन् । घाइते कँडेलको सिएमसी चुरेहिल अस्पतालमा उपचार भइरहेको छ ।

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौँ ।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ